श्री सर्वोच्च अदालतमा चढाएको

सार-संक्षेपीकरण

विषयः नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम परमादेश लगायत जो चाहिने आज्ञा, आदेश वा पुर्जी जारी गरीपाउँ ।

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शना कपाली.......१ निवेदक

विरुद्ध

निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं समेत ..............................................१ विपक्षी

१. <u>रिट निवेदनको व्यहोरा</u>ः म रीट निवेदकले आफ्नो लैङ्गिक पहिचान अनुसार महिला उल्लेख गरेको नागरिकता प्रमाणपत्र पाएको छैन भने निर्वाचन आयोगले मेरो मतदाता परिचयपत्रमा 'तेस्रोलिङ्गी' शब्द उल्लेख गरिदिएको छ । नेपालको संविधान, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त लगायत अन्तर्राष्ट्रिय मानव अधिकार कानून, मापदण्ड एवं अभ्यासहरुले व्यक्तिहरुको लैङ्गिक पहिचान स्वःअनुभूतिको आधारमा निर्धारण हुने र सोही अनुरुप नागरिकता लगायतका व्यक्तिगत परिचय जनाउने कागजप्रमाणको आधारमा सम्मानपूर्ण जिवनयापन गर्न पाउने अधिकार प्रदान गरेको भए तापनि म यस अधिकारबाट वञ्चितिकरणमा परेको छु । मलाई गृह मन्त्रालयले 'अन्यलिङ्गी'को परिचय भिराइदिएको छ भने मतदाता परिचयपत्रमा निर्वाचन आयोगले स्वेच्छाचारी ढङ्गले 'तेस्रोलिङ्गी' शब्द प्रयोग गरिदिएको छ । निर्वाचन आयोगले आफ्नो वेबसाइटमा सबै मतदाताहरूको विवरण सार्वजनिक गरिदिंदा यस्तो गलत विवरण सहितको परिचय नै सार्वजनिक भएको मेरो गोपनीयतामा गम्भीर असर पुग्नुका साथै मेरो सामाजिक स्वीकार्यतामा समेत असर पुगेको छ ।

२. **संवैधानिक तथा कानूनी प्रश्न**: नेपालको संविधानको धारा १२, १६, १८, २८ र ३५ एवं अन्तर्राष्ट्रिय मानव अधिकार कानून, मापदण्ड एवं अभ्यास समेत संग सम्बन्धीत कानूनी प्रश्नहरु ।

३. **माग गरिएको उपचार** : म रीट निवेदकको नागरिकता प्रमाणपत्र र मतदाता परिचयपत्रमा मेरो लैङ्गिक पहिचान अनुसार "महिला" उल्लेख गर्न गराउन; तथा निर्वाचन आयोगले सार्वजनिक गरेको नागरिकको विवरणहरू सार्वजनिकबाट हटाउन विपक्षीको नाउँमा परमादेश लगायत अन्य जे उपयुक्त आदेश जारी गरिपाउँ । गलत लैङ्गिक पहिचान र आफ्नो लैङ्गिक पहिचान भन्दा फरक परिचय रहेको विवरण सार्वजनिक रहीरहने अवस्थाले अपूरणीय क्षती निम्त्याउन सक्ने अवस्था भएकोले निर्वाचन आयोगलाई आफ्नो वेबसाइटमा सार्वजनिक गरेको मतदाता नामावलीमा मेरो विवरणहरू हटाउन; यो मुद्दा किनार नलाग्दा सम्म मतदाता नामावली र परिचयपत्रमा एवं निर्वाचन आयोगद्वारा जिल्ला निर्वाचन कार्यालय, पालिका तथा वडामा पठाइने दस्तावेजहरूमा समेत मेरो लैङ्गिक विवरण उल्लेख केही पनि नगर्न; म जस्ता लैङ्गिक पहिचान अनुसारको नागरिकता कायम गर्न नसकी पहिचान विपरीतको मतदाता परिचयपत्र बोक्न बाध्य भएका अरु कसैले पनि आफ्नो मतदाता नामावली र परिचयपत्रमा एवं निर्वाचन आयोगद्वारा जिल्ला निर्वाचन कार्यालय, पालिका तथा वडामा पठाइने दस्तावेजहरूमा लैङ्गिक विवरण उल्लेख केही पनि नगर्न निर्वाचन आयोगमा निवेदन दिएमा सो बमोजिम नै गर्नु गराउनु भनि विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरिपाउँ ।

सार-संक्षेपीकरण प्रस्तुतकर्ता
रीट निवेदक रुक्शना कपाली

नेपाल संवत् ११४१ दिल्ला १७
ईति सम्वत् २०७८ साल असार महिना २० गते रोज १ शुभम् ..........................।